# गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७

**दार्मा गाउँपालिका, सल्यान**

**कर्णाली प्रदेश**

**नेपाल**

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड - ५** **सङ्ख्या : २** **मिति : २०७८/२/३०**

## भाग -२

## दार्मा गाउँपालिका

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७८/०२/१८

प्रमाणीकरण मिति : २०७८/०२/३०

## गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७



विपन्न, अतिअशक्त, अपाङ्गता र पूर्ण अशक्त अपाङ्गता, बेचविखनमा परेका महिला, बालबालिका, वेवास्तामा परेका जेष्ठ नागरिकको हित र कल्याणको लागि आर्थिक सहायता तथा स्वास्थ्य उपचार र  सामाजिक सेवाको भावले नेपालको संविधान र नेपाल सरकारको हित विपरीत नहुने गरी गठित भइ सामाजिक हित र प्रवर्दधनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने युवा समूह, युवा क्लव, अन्य सामुदायिक समूहलाई आर्थिक सहातयता दिनका लागि कल्याणकारी कार्यसम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई नियमन र व्यवस्थित गरी  प्रभावकारी बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी दार्मा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम ' अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७'  रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) गाउँपालिका भन्नाले दार्मा गाउँपालिकालाई सम्झनुपर्छ।

(ख) गाउँ कार्यपालिका भन्नाले दार्मा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) 'अध्यक्ष आर्थिक सहायता' भन्नाले दार्मा गाउँ कार्यपालिका अध्यक्षले प्रदान गर्ने आर्थिक सहायता सम्झनुपर्छ।

(घ) आर्थिक सहायता पाउन योग्य व्यक्ति भन्नाले आर्थिक रुपले विपन्न भएका, मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्त्वपूर्ण अङ्गहरूको रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरू, पक्षघात, यौन हिंसाबाट पीडित बेचविखनमा परेका महिलाहरू, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसहरा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएका विपन्न, सुस्तमनस्थिति भएको बालबालिका,

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

एचआइभी एड्सबाट संक्रमित बालबालिका, वेसहरा वृद्धवृद्धा तथा विशेष कारणवश वेखर्ची भएका नागरिक, घरगोठ जलेर क्षति भएका एवम् बाढी पहिरोबाट पीडित भएका गाउँपालिकावासी, उल्लेखित व्यहोरा भएका दार्मा गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिका साथै सामाजिक हित हुनेगरी कार्यक्रम सञ्चालन गर्न चाहेका तर आर्थिक समस्या भइ साझेदारीमा कार्यक्रम सञ्चालन गर्न चाहने युवा समूह, क्लव, अन्य समूह तथा अभियान्ता समेत बुझ्नुपर्छ।

(ङ) उपाध्यक्ष भन्नाले दार्मा गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले दार्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

## परिच्छेद -२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :** (१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो,  कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन दिन सक्नेछन्।
**स्पष्टीकरण** " आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात , अस्पतालको रिपोर्ट, गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुखको सिफारिस लगायतका कागजात सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिमका प्राप्त निवेदनमाथि समितिले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी बढीमा रकम रु. २०,०००। (बीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

**४. हिंसापीडित तथा मानव बेचविखनमा परेकालाई सहायता :** (१) यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरूको तत्काल उद्दार गर्न समितिको निर्णयानुसार बढीमा रकम रु. २००००। ( बीस हजार) सम्म आर्थक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एवम् पुनस्थापनाको लागि न्यायीक समिति मार्फत आवश्यक पहल गरिनेछ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**५. आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायता :** (१) वेवारिसे अवस्थामा फेला परेको, जबरजस्ती, जोखिमयुक्त श्रमबाट पीडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएको, सुस्तमनस्थिति भएको, सडक बालबालिका, एचआइभी एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्दार गरी पालनपोषणका लागि समितिको निर्णयानुसार बढीमा रु. २०,०००। (बीस हजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा दिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्तिमार्फत पठनपाठनको व्यवस्था गर्न सकिनेछ।

**६. वेवास्तामा परेका जेष्ठ नागरिकलाई सहायता :** ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले वेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवम् अशक्त जेष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेस गरेमा र निवेदन मनासिव भएमा रकम रु. १०,०००। (दस हजार) सम्म आर्थिक सहायता दिइ पुनर्स्थापनाका लागि आवश्यक पहल गर्न सकिनेछ। तर गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता बुझ्ने नागरिकको हकमा यो सुविधा पाइने छैन।

**७. विपन्न परिवारलाई मृत्युसंस्कार सहायता :** (१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारणले मृत्यु भई सोको पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, वेवारिसे लास फेला परेमा निजको सदगद् गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगद् काजकिरिया गर्न प्रमाण खुल्ने कागजातसहित निवेदन पेस हुन आएमा समितिले मनासिव ठहर्याएमा एकमुष्ट रुपमा बढीमा रु. २०,०००। ( **बीस** हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको स्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्नेछ। उल्लेखित व्यहोरा आइपरेका गाउँपालिका कर्मचारी तथा जनप्रतिनिधिलाई समेत गाउँपालिकाको निर्णयबाट आर्थिक सहायताको लागि यथोचित र कम सहायता दिन सकिनेछ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**८. संस्थागत सहायता कार्यक्रम :** (१) उल्लेखित प्रकृति र अन्य सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने युवा समूह, युवा क्लव, अन्य समूह लगायतका संघसंस्थाहरूलाई कार्यक्रम सहयोग स्वरुप निवेदन पेस हुन आएमा र समितिले मनासिव ठहर्याएमा एकमुष्ट रुपमा बढीमा रु. ३०,०००। (तीस हजार) सम्म आर्थिक सहायता दिइ सहयोग गर्न सकिनेछ।

**९. विपद् कार्यमा सहायता :** बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी लगायतका विपदबाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरूको दैनिक निर्वाह एवम् आवास व्यवस्थापनका लागि गाउँ कार्यपालिकामा निवेदन पेस गरेमा र निवेदन मनासिव देखिएमा गाउँपालिकाबाट प्राप्त हुने अन्य राहत सहायताका अतिरिक्त समितिले बढीमा रु. २०,०००। ( बीस हजार) सम्म बसोबास पुनर्स्थापना वा राहत स्वरुप सहयोग गर्न सकिनेछ।

## परिच्छेद - ३
## कोषको व्यवस्था तथा सञ्चालन

**१०. आर्थिक सहायता तथा उपचार सहयोगको लागि आर्थिक सहायता कोषको व्यवस्था :**

(१) यस कार्यविधि अनुसार आर्थिक सहयोग दिन, उद्दार तथा पुर्नस्थापना गर्ने प्रयोजनका लागि एक आर्थिक सहायता कोषको स्थापना स्थापना गरिनेछ उक्त कोषमा देहायको रकम जम्मा गरिनेछ :

(क) सङ्घीय सरकार, प्रदेश सरकार, गाउँ सभाबाट विनियोजन भएको अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी सङ्घ संस्था, व्यक्ति तथा निजी क्षेत्रबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान,

(ग) यस्तै प्रकृतिको आर्थिक सहायताका लागि प्राप्त जुनसुकै रकम।

**११. कोष सञ्चालन समिति, कोष सञ्चालन तथा लेखापरीक्षणको व्यवस्था :**

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

(१) नियम १० अनुसारको गाउँपालिका आर्थिक सहायता कोषबाट रकम सहायताको निर्णय गर्न र सहायतामा दिएको रकमको अनुगमन गर्न देहाय बमोजिमको समिति रहने छ :

गाउँपालिका अध्यक्ष - अध्यक्ष

उपाध्यक्ष - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

महिला, बालबालिका शाखा प्रमुख - सदस्य

गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्नेछ ।

(४) कोषको लेखा परीक्षण गाउँपालिकाकाको खर्चको लेखा परीक्षण गर्न तोकिएको निकायबाट हुनेछ ।

**१२. परामर्श तथा सहयोग लिन सक्ने :** (१) समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित क्षेत्रका उपयुक्त सम्झेका व्यक्ति तथा निकायसँग आवश्यक परामर्श तथा सहयोग लिन सक्नेछ ।

**१३.पारदर्शिता र जवाफदेहिता :** कोषबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनिक गरिनेछ साथै कार्यालयको वेवसाइटमा समेत उल्लेखित व्यहोरा जानकारी गराइनेछ । सम्बन्धित सरोकारवालाहरूबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा समिति तथा गाउँपालिकाबाट आवश्यक विवरण उपलब्ध गराइने छ ।

## परिच्छेद - ४
## आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्था

**१४. आर्थिक सहायता दिन सक्ने :** (१) गाउँपालिकाको सामाजिक, आर्थिक, राजनीतिक, साहित्यिक, साँस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षिक, पूर्वधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक, स्वास्थ्य अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिमको कोषको अवस्था हेरी एक

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

पटकका लागि मात्र बढीमा ५०,०००। (पचास हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) गाउँपालिका कार्यालयको काममा वा कार्यालयको काममा आउँदा वा फर्किदा गाउँपालिकामा कार्यरत कुनै कर्मचारी वा गाउँपालिकाको कुनै जनप्रतिनिधि आकस्मिक दुर्घटना भइ बिरामी भएमा, घाइते भएमा वा कर्मचारीको मृत्यु भएमा निज वा निजको हकवालालाई बढीमा रु. २५,०००। (पच्चीस हजार) रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(३) कार्यविधिको यस दफा १४ को उपदफा १ र २ बमोजिम उपलब्ध गराइने आर्थिक सहायता कार्यपालिकाबाट निर्णय गरी उपलब्ध गराइनेछ।

१५. **निवेदन ढाँचा :** दफा ३ देखि ९ सम्म उल्लेखित क्षेत्रमा सहायता पाउन अनुसूची - १ को ढाँचामा निवेदन दिनुपर्नेछ।

१६. **अध्यक्षबाट सिधै सहायता प्रदान हुने :** यस कार्यविधिमा माथिका दफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि रु. १०,०००। (दस हजार) सम्मको आर्थिक सहायता अध्यक्षबाट सिधै प्रदान गर्न सकिनेछ।

१७. **अधिकार प्रत्यायोजन  गर्न सकिने :** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको आफ्नो अधिकार समिति र गाउँपालिका अध्यक्षलाई दिन सक्नेछ तर दफा १४ बमोजिमको अधिकार प्रत्यायोजन हुने छैन।

१८. **आर्थिक सहायता नदोहर्याइने :** यस कार्यविधि बमोजिम स्थापित कोषबाट प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई पटक पटक दोहर्याइ दिइने छैन।

## परिच्छेद - ५
## विविध

१९. **संशोधन तथा परिमार्जन :** यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**२०. खारेजी र बचाऊ :** (१) दार्मा गाउँपालिकाको आकस्मिक सहायता कोष, २०७४ लाई खारेज गरिएको छ।

(२) यस कार्यविधिमा व्यवस्था भएका कुराहरूको हकमा यसै अनुसार र अन्य प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

**अनुसूची -१**
**निवेदनको ढाँचा**
**(दफा ८ सँग सम्बन्धित)**

मिति : .................

श्रीमान् अध्यक्ष
दार्मा गाउँ कार्यपालिकाको कार्यालय, सल्यान

विषय : आर्थिक सहायता उपलब्ध गराइदिनुहुन ।

महोदय,

उपर्युक्त विषयमा म / हामी ..................रोगले ग्रसित भइ समस्यामा परी ...............गर्नुपर्ने व्यहोरा अवगत गराउँछु / छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सोको लागि त्यस कार्यालयबाट आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपसिलका कागजातहरू यसै साथ संलग्न गरी पेस गर्दछु ।

**तपसिल**

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता / जन्मदर्ता / विवाह दर्ताको प्रतिलिपि
३. अस्पताल / सम्बन्धित निकायको रिपोर्ट
४. वडा अध्यक्ष, स्वास्थ्य संयोजक र सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस

निवेदक
नामथर :
ठेगाना :
दस्तखत :

आज्ञाले,

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

अमृत खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत

